# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission, Nepal
केन्द्रिय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


# प्रेस-विज्ञप्ति

जेठ २१ २०७७

## सन्दर्भ : छुवाछूतमुक्त राष्ट्र घोषणाको १४ वर्ष
## जातीय भेदभाव र छुवाछूत निर्मूल गर्न सबैलाई आग्रह ।

नेपाल सरकारले २०६३ साल जेठ २१ गते नेपाललाई जातीय भेदभाव तथा छुवाछूतमुक्त राष्ट्र घोषणा गरेको आज १४ वर्ष पूरा भएको छ । यस अवसरमा आयोग सबैलाई शुभकामना व्यक्त गर्दछ ।

नेपालको संविधानले प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हक, न्याय सम्बन्धी हक, दलितको हक, सामाजिक न्यायको हक, समानताको हक, छुवाछूत तथा भेदभाव विरुद्धको हकलगायतका अधिकारको सुनिश्चितता गरेको छ । जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन २०६८ र मुलुकी अपराध संहिता २०७४ तथा नेपाल पक्ष राष्ट्र भएको सबै किसिमका जातीय भेदभाव उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ समेतले यस्ता हकहरुको प्रत्याभूति गरेको छ ।

यस किसिमका संवैधानिक तथा कानूनी व्यवस्थाका वाबजुद कानूनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा नेपालमा अझै पनि जातीय विभेदको स्थिति रहनु र त्यसकै आधारमा व्यक्ति हत्या, बलात्कार, हिंसा तथा छुवाछूत जस्ता  अमानवीय घटनाहरू दिन प्रतिदिन बढ्दै जानु र त्यस्तो अपराधमा संलग्नहरुलाई पहिचान गरी समयमै कारवाही हुन नसकेको अवस्थाप्रति आयोग चिन्ता व्यक्त गर्दछ । यसबाट सामाजिक सद्भावमा समेत खलल पुग्न सक्ने देखिन्छ । रुकुम पश्चिम, जाजरकोट, रुपन्देही, उदयपुर, धनकुटा लगायत देशका विभिन्न ठाउँमा हालै घटेका जातीय भेदभाव सम्बन्धी आपराधिक घटनाहरुप्रति शून्य सहनशीलता कायम गरी कानुनी कारवाही गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

समाजमा दैनिक रुपमा घटिरहेका जातीय विभेद तथा छुवाछूतका घटनालाई निर्मूल गर्न आयोग सबै नागरिक, राजनीतिक दल तथा तिनका भातृ संगठनहरु, जनप्रतिनिधिहरु, सञ्चारकर्मी तथा मानव अधिकारकर्मीहरुलाई आग्रह गर्दछ । साथै, देशमा भएका यस्ता अमानवीय घटनाहरूको विरुद्ध आवाज उठाउने सबै पक्षलाई आफ्ना विषयहरु मर्यादित र संयमित भई व्यक्त गर्न पनि आयोग अनुरोध गर्दछ ।

..................
वेद भट्टराई
सचिव / प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org